# सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न प्रतिवेदन
## (प्रथम चौमासिक)

छत्रेश्वरी गाउँपालिका वडा नं. ६ लान्तीमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न सम्बन्धी विस्तृत प्रतिवेदन (प्रथम चौमासिक)

### १. परिचय र घटना संकेत

छत्रेश्वरी गाउँपालिका, सल्यानले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधानअनुसार सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाउन सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्दै आएको छ । सोही सन्दर्भमा आ.व. २०८२/०८३ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. ६ लान्तीमा मिति २०८२ मंसिर ११ गते सम्पन्न गरिएको हो ।

कार्यक्रमको उद्देश्य गाउँपालिकाबाट प्रवाह भइरहेका सेवा तथा विकास निर्माण कार्यको समीक्षा गर्नु, नागरिकका गुनासा सुन्नु, समस्या पहिचान गर्नु तथा समाधानका उपायहरू सार्वजनिक रूपमा छलफल गर्नु रहेको थियो ।

### २. मुख्य विवरण तथा कार्यक्रम सञ्चालन

उक्त कार्यक्रम वडा नं. ६ लान्तीमा स्थानीय स्तरमै आयोजना गरिएको थियो । कार्यक्रममा जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी, नागरिक समाज, महिला समूह, युवा, दलित, जनजाति तथा सर्वसाधारण नागरिकहरूको सक्रिय सहभागिता रहेको थियो ।

कार्यक्रममा गाउँपालिकाको समग्र सेवा प्रवाह, चालु योजना, बजेट कार्यान्वयन तथा विकास निर्माणका गतिविधिहरूको प्रस्तुति गरिएको थियो । त्यसपछि खुला प्रश्नोत्तर सत्र सञ्चालन गरिएको थियो ।

### ३. उठेका प्रमुख सवाल तथा जवाफहरू

| | |
|---|---|
| लान्ती तुसारे मोटरबाटोको उकालो ठाउँमा रानागाउँ क्षेत्रमाथी पक्की स्ल्याब नहुँदा गाडी आवतजावतमा समस्या | दिर्घकालीन समस्या समाधानका लागि मोड सुधार तथा उकालो स्थानमा मिलाउनका लागि तथा वर्षायाममा पनि कम्तीमा एम्बुलेन्स चल्न सक्नेगरी स्तरबृद्धिको पहल थालिएको र यसका लागि १२ लाख रूपियाँ बजेट कार्यान्वयन हुन लागेको ।<br>(वडाध्यक्ष) |
| विभिन्न स्थानमा विद्युत पोल अभाव एवं जीर्ण पोल बदल्नका लागि पहल गर्नुपर्ने | विद्युतीकरणका लागि नेपाल विद्युत प्राधिकरणसंग समन्वय भैरहेको । काठको पोल विस्तापनका लागि पनि कर्णाली विद्युत परियोजनाको काम छत्रेश्वरीमा सुरू हुने भएकाले छिटो काम गर्नका लागि समन्वयको काम भैरहेको । (गापा अध्यक्ष, वडाध्यक्ष) |

| | |
|---|---|
| तालिम लगाएतका कार्यक्रमबारे सबैलाई थाहा दिनुपर्ने । बीउबीजन वितरणबारे पनि जानकारी गराउनुपर्ने | यस्ता तालिम र कार्यक्रमका लागि जनप्रतिनिधी, टोलस्तरका विभिन्न समूहहरूलाई खबर गर्नेगरिएको र आगामी दिनमा सूचना सम्प्रेशनको कार्यलाई अझै प्रभावकारी बनाइने । बेला बखतमा वडा कार्यालयमा आएर बुझ्न पनि आग्रह । भोटेचौरमा गाउँपालिकाको कृषि शाखा रहेका कारणले जजिक भएका कारण त्यहीँबाट नै वीउवीजन वितरण हुनेगरेको । तर नजिकैका कृषकले पनि थाहा छैन भन्ने गरेकाले स्वयमले पनि चासो राख्नुपर्ने (वडाध्यक्ष) |

४. उपलब्धिहरू:

- नागरिक र सरकारबीच प्रत्यक्ष संवाद स्थापित भएको
- सेवा प्रवाहबारे वास्तविक अवस्था सार्वजनिक भएको
- गुनासा तथा समस्या प्रत्यक्ष रूपमा संकलन भएको
- सेवा सुधारका लागि महत्वपूर्ण सुझाव प्राप्त भएको
- स्थानीय सरकारप्रति नागरिक विश्वास बढेको
- पारदर्शिता तथा जवाफदेहिता सुदृढ भएको

**५. समस्या तथा समाधानका उपायहरू**

कार्यक्रममा कतिपय अवस्थामा सेवा प्रवाहमा ढिलाइ, पूर्वाधार कार्यमा ढिलाई, सूचना प्रवाह अभाव तथा केही सेवामा असन्तुष्टि देखिएको छ ।

समाधानका लागि:

- योजना कार्यान्वयन समयमै गर्ने
- गुनासा व्यवस्थापन प्रणाली प्रभावकारी बनाउने
- नियमित अनुगमन गर्ने
- सेवा प्रवाह डिजिटल बनाउने
- नागरिक सहभागिता बढाउने

**६. निष्कर्ष**

वडा नं. ६ लान्तीमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रमले स्थानीय सरकार र नागरिकबीच प्रत्यक्ष संवाद स्थापना गर्दै सेवा प्रवाह सुधारका लागि महत्वपूर्ण आधार तयार गरेको छ । यस्ता कार्यक्रम नियमित रुपमा सञ्चालन गर्न आवश्यक छ ।

# सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न प्रतिवेदन
# (तेस्रो चौमासिक)

छत्रेश्वरी गाउँपालिकाका सातवटै वडामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न सम्बन्धी विस्तृत प्रतिवेदन (तेस्रो चौमासिक)

## १. परिचयः

स्थानीय शासनलाई जनउत्तरदायी, पारदर्शी तथा सेवामुखी बनाउने उद्देश्यअनुरूप छत्रेश्वरी गाउँपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रमलाई नियमित अभ्यासका रूपमा सञ्चालन गर्दै आएको छ। यसै सन्दर्भमा आ.व. २०८२/०८३ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८३ असार १९ गते वडा नं. १ दमाचौरमा सम्पन्न गरिएको हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेअनुसार नागरिकको सहभागिता अभिवृद्धि गर्ने, सेवा प्रवाहको समीक्षा गर्ने तथा विकास निर्माण प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको हो ।

## २. कार्यक्रम सञ्चालन तथा मुख्य गतिविधिहरूः

उक्त सार्वजनिक सुनुवाई कार्यक्रम वडा नं. १ दमाचौरमा स्थानीय समुदायको सहभागितामा सम्पन्न गरिएको थियो। कार्यक्रममा गाउँपालिकाका पदाधिकारी, कर्मचारी, विषयगत शाखाका प्रतिनिधि, जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, महिला समूह, युवा, दलित, जनजाति तथा सर्वसाधारण नागरिकहरूको सक्रिय उपस्थिति रहेको थियो ।

कार्यक्रममा गाउँपालिकाबाट सञ्चालन भइरहेका विकास योजना, सेवा प्रवाह प्रणाली, बजेट कार्यान्वयन अवस्था तथा विभिन्न क्षेत्रगत कार्यक्रमहरूको विस्तृत विवरण प्रस्तुत गरिएको थियो ।

त्यसपछि नागरिक र सेवा प्रदायकबीच खुला छलफल, अन्तरक्रिया तथा प्रश्नोत्तर सत्र सञ्चालन गरिएको थियो। कार्यक्रममा नागरिकहरूले सेवा प्रवाह, विकास निर्माण तथा सामाजिक सेवासम्बन्धी विविध विषयमा आफ्ना धारणा, गुनासा तथा सुझावहरू प्रस्तुत गरेका थिए ।

## ३. नागरिकद्वारा उठाइएका प्रमुख सवालहरू र दिइएका जवाफहरू

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी नागरिकहरूले विभिन्न विषयमा आफ्ना जिज्ञासा, गुनासा तथा सुझावहरू प्रस्तुत गरेका थिए। ती विषयहरू र सम्बन्धित निकायबाट दिइएका जवाफहरू निम्नानुसार रहेका छन् :

१. तुसारे लिफ्ट खानेपानी योजना लामो समयसम्म पनि पूर्णता नपाएको तथा वडामा सञ्चालन भएका निर्माण योजनाहरू गुणस्तरीय बनाउन अनुगमन प्रभावकारी बनाउनुपर्ने भन्ने गुनासा तथा सुझाव नागरिकहरूले प्रस्तुत गरेका थिए।

यस सम्बन्धमा ३ करोड ६० लाखको डिपिआर भएको तुसारे खानेपानी योजना भएकाले एकैपटक आवश्यक बजेट सुनिश्चित हुन नसक्दा योजना पूर्णता दिन समस्या भएको जानकारी दिइयो। योजनालाई दिगो रूपमा सम्पन्न गर्न पालिका निरन्तर पहलरत रहेको र प्राविधिक कर्मचारीहरू वडास्तरमा खटाइएको तथा इन्जिनियरमार्फत नियमित अनुगमन भइरहेको बताइयो। साथै स्थानीय स्तरबाट पनि सक्रिय निगरानी आवश्यक रहेको कुरामा जोड दिइयो। (वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत)

२. दमाचौर क्षेत्रमा सार्वजनिक शौचालय निर्माण हुनुपर्ने भन्ने सुझाव नागरिकहरूले राखेका थिए ।

यस विषयमा शौचालय निर्माण मात्र पर्याप्त नभई यसको दीर्घकालीन सञ्चालन र व्यवस्थापन महत्वपूर्ण हुने भएकाले स्थानीय स्तरबाट व्यवस्थापनको सुनिश्चितता भएमा उक्त माग सम्बोधन गरिने जानकारी दिइयो। (प्र.प्र.अ.)

३. भानुभक्त माध्यमिक विद्यालयमा एसईई परीक्षा केन्द्र किन हटाइयो भन्ने जिज्ञासा राखिएको थियो ।

यस सम्बन्धमा एसईई परीक्षा केन्द्र कायम गर्ने वा हटाउने निर्णय गाउँपालिकाको क्षेत्राधिकार बाहिर रहेको र यो शिक्षा विकास तथा समन्वय इकाइबाट गरिएको निर्णय भएको जानकारी दिइयो। (प्र.प्र.अ.)

४. वडाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको उचित प्रचारप्रसार हुनुपर्ने भन्ने सुझाव नागरिकहरूले दिएका थिए ।

यस सम्बन्धमा पालिकाले पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको र आगामी दिनमा होमस्टे अवधारणासहित पर्यटकीय क्षेत्रहरूको प्रचारप्रसारलाई अझ प्रभावकारी बनाइने जानकारी दिइयो। (प्र.प्र.अ.)

५. कुनै पनि कार्यक्रम तथा सूचनाहरू प्रभावकारी रूपमा प्रवाह हुनुपर्ने भन्ने सुझाव उठाइएको थियो ।
यस विषयमा पालिकाले आफ्ना सूचना वेबसाइट, फेसबुक पेज, सूचना पाटी तथा स्वतः प्रकाशन प्रणालीमार्फत नियमित रूपमा सार्वजनिक गर्दै आएको र नागरिकहरूले त्यहाँबाट सूचना प्राप्त गर्न सक्ने व्यवस्था रहेको जानकारी दिइयो। (प्र.प्र.अ.)

६. प्रेसर, सुगर लगायतका औषधि स्वास्थ्य संस्थामा उपलब्ध नहुने समस्या किन हुन्छ भन्ने प्रश्न उठाइएको थियो ।

यस सम्बन्धमा आधारभूत स्वास्थ्य सेवा पालिकाबाट निरन्तर प्रवाह भइरहेको र स्थानीय तहको अधिकारभित्र पर्ने औषधि अभाव हुन नदिएको जानकारी दिइयो। प्रदेश सरकारबाट आपूर्ति हुने औषधिका लागि पनि आवश्यक पहल भइरहेको स्वास्थ्य चौकी प्रमुखले जानकारी दिएका थिए। (प्र.प्र.अ. र स्वास्थ्य चौकी प्रमुख)

७. बाल पोषण भत्ता पनि वडाबाटै वितरण गर्नुपर्ने भन्ने सुझाव प्रस्तुत गरिएको थियो।
यस सम्बन्धमा अन्य सामाजिक सुरक्षा भत्ताझैँ बाल पोषण भत्ता पनि वडास्तरबाटै वितरण गर्न बैंकहरूसँग समन्वय गरी सहज बनाइने जानकारी दिइयो। (प्र.प्र.अ.)

८. तरकारी खेतीका लागि सिँचाइको व्यवस्था हुनुपर्ने भन्ने माग राखिएको थियो।
यस सम्बन्धमा स्रोत साधन सीमित भएकाले सबै माग एकैपटक सम्बोधन गर्न कठिन भए पनि क्रमशः समाधान गर्दै लगिने जानकारी दिइयो। साथै वडा नं. १ लाई सुन्तला पकेट क्षेत्रका रूपमा विकास गर्न विशेष प्राथमिकता दिइने उल्लेख गरियो। (प्र.प्र.अ.)

९. असारे विकासलाई नियन्त्रण गर्नुपर्ने भन्ने सुझाव प्रस्तुत गरिएको थियो।
यस सम्बन्धमा आर्थिक वर्षको सुरुवातमै योजना तर्जुमा गर्ने, उपभोक्ता समिति समयमै गठन गर्ने तथा ठेक्का प्रक्रिया समयमै अघि बढाउने नीति अपनाइएकाले असार महिनामा हुने विकास चाप क्रमशः घटाउँदै लगिने जानकारी दिइयो। (प्र.प्र.अ.)

१०. योजना सम्झौता वडाबाटै हुनुपर्ने भन्ने सुझाव राखिएको थियो।
यस सम्बन्धमा उपभोक्ता समिति समयमै गठन भएमा वडामै सम्झौता गर्न सकिने तर प्राविधिक प्रक्रिया, जनशक्ति व्यवस्थापन तथा प्रशासनिक कारणले सबै कार्य पूर्ण रूपमा वडाबाट मात्र सम्भव नहुने भएकाले आवश्यक समन्वयमार्फत प्रक्रिया अघि बढाइने जानकारी दिइयो। (योजना शाखा प्रमुख)

## ४. उपलब्धिहरू

- नागरिक र स्थानीय सरकारबीच प्रत्यक्ष संवाद स्थापित भएको
- सेवा प्रवाह तथा विकास गतिविधिको यथार्थ अवस्था सार्वजनिक भएको
- नागरिकका गुनासा, सुझाव तथा अपेक्षाहरू संस्थागत रूपमा संकलन भएको
- नीति तथा योजना सुधारका लागि आवश्यक आधार प्राप्त भएको
- पारदर्शिता तथा जवाफदेहिता प्रणालीमा सुधारको वातावरण बनेको
- स्थानीय तहप्रति नागरिक विश्वास र सहभागिता वृद्धि भएको

## ५. देखिएका समस्या तथा सुधारका पक्षहरू

कार्यक्रममा सेवा प्रवाहलाइ प्रभावकारी बनाउन, पूर्वाधार विकासमा चुनौती, खानेपानी समस्या, स्वास्थ्य सेवा अभाव तथा सूचना प्रवाहको कमजोरी प्रमुख रूपमा देखिएको छ।

यसका सुधारका लागि निम्न पक्ष आवश्यक देखिन्छः
योजनाहरू समयमै सम्पन्न गर्ने व्यवस्थापन
सेवा प्रवाह प्रणालीलाई प्रभावकारी र छिटो बनाउने
अनुगमन तथा मूल्यांकन प्रणालीलाई कडाइ गर्ने
गुनासा व्यवस्थापन संयन्त्रलाई व्यवस्थित बनाउने
डिजिटल सेवा प्रवाह प्रणाली विस्तार गर्ने

## ६. निष्कर्ष

वडा नं. १ दमाचौरमा सम्पन्न तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमले स्थानीय शासन प्रणालीलाई जनउत्तरदायी, पारदर्शी तथा सहभागितामूलक बनाउन महत्वपूर्ण योगदान गरेको देखिन्छ। नागरिक र सरकारबीच प्रत्यक्ष संवाद स्थापित भई सेवा प्रवाह सुधारका लागि स्पष्ट आधार तयार भएको छ।